# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
## टंगाल, काठमाडौं

मिति: २०७९।०६।०९ गते।

# प्रेस विज्ञप्ति

**विषय: आरोपपत्र दायर गरिएको।**

जिल्ला धनुषा, साविक चक्कर गा.वि.स. का सचिव राम रतन मण्डलले गैरकानूनी ढङ्गले रंजित शाह भन्ने व्यक्तिलाई पटक-पटक पेश्की रकम दिई अनियमितता गरेको भन्ने उजुरी निवेदन सम्बन्धमा अनुसन्धान हुँदा **गाउँ विकास समितिको कार्यालय, चक्कर, धनुषाका तत्कालीन गा.वि.स. सचिव राम रतन मण्डल** (केवट) ले गाउँ विकास समितिको कार्यालय, चक्कर, धनुषाको कार्यकारिणी समितिले उक्त गाउँ विकास समिति अन्तर्गतका विभिन्न वडाहरुका सडकमा माटो पुर्ने र ग्राभेलको काम गर्न गराउन उपभोक्ता समिति गठन गरेको, सो कामको लागि कुनै रकम विनियोजन नभएको अवस्थामा तत्कालीन सचिव राम रतन मण्डल (केवट) ले नागेन्द्र भन्ने रंजित साह भन्ने रंजित शाहसँगको मिलेमतोमा लाभ लिने मनसाय राखी सरकारी रकम हिनामिना गर्ने बदनियतले तत्काल कायम रहेका कानून स्थानीय स्वायत्त शासन ऐन, २०५५, स्थानीय स्वायत्त शासन नियमावली, २०५६, स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४, सार्वजनिक खरिद ऐन, २०६३, सार्वजनिक खरिद नियमावली, २०६४ मा निर्माण कार्य खरिदसम्बन्धी उल्लेखित प्रावधान विपरीत उक्त कामको जिम्मेवारी र रकम दिन नमिल्ने नागेन्द्र भन्ने रंजित साह भन्ने रंजित शाहलाई अनियमित तरिकाबाट पेश्कीको नाममा पटक-पटक रु.९,७६,९००।- गैरकानूनी रुपमा दिई उक्त रकमबाट काम समेत नभएको, योजनाको फरफारक समेत नगरेको हुँदा निज रामरतन मण्डल (केवट) को उल्लेखित कार्य भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ को कसुर भएकोले निजलाई बिगो रु.९,७६,९००।- (नौ लाख छहत्तर हजार नौ सय रुपैयाँ) कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ ले उल्लेख गरेबमोजिम सोही ऐनको दफा ३ को उपदफा (१) को देहाय (ङ) बमोजिम कैद सजाय र सोही ऐनको दफा ३ को उपदफा (१) अनुसार बिगोबमोजिम जरिवाना गरी सोही ऐनको दफा १७ बमोजिम बिगो असुल उपर हुनसमेत मागदावी लिइएको छ ।

साथै **जिल्ला धनुषा साविक चक्कर गाउँ विकास समिति, वडा नं. २ हाल औरही गाउँपालिका वडा नं. ६, चक्कर बस्ने नागेन्द्र भन्ने रंजित साह भन्ने रंजित शाहले** गाउँ विकास समितिको कार्यालय, चक्कर, धनुषाको कार्यकारिणी समितिले विभिन्न वडाहरुका सडकमा माटो पुर्ने र ग्राभेलको काम गर्न गराउन आफ्नै अध्यक्षतामा उपभोक्ता समिति गठन गरेको अवस्थामा, उपभोक्ता समितिको नाममा खाता खोली उपभोक्ता समितिको खातामा रकम जम्मा गरी पाउन निवेदन दिनुपर्नेमा निज नागेन्द्र भन्ने रंजित साह भन्ने रंजित शाहले गाउँ विकास समितिको कार्यालय, चक्कर, धनुषाका तत्कालीन सचिव राम रतन मण्डल (केवट) सँगको मिलेमतोमा आफूहरुलाई गैरकानूनी लाभ पुऱ्याउने बदनियतले पटक-पटक रु.९,७६,९००।- रकम लिई उक्त रकमबाट काम नगरी योजनाको फरफारकसमेत नगरी भ्रष्टाचार निवारण ऐन २०५९, को दफा ८ को उपदफा (४) बमोजिमको कसुर गरेकोले निज नागेन्द्र भन्ने रंजित साह भन्ने रंजित शाहउपर बिगो रु.९,७६,९००।- (नौ लाख छहत्तर हजार नौ सय रुपैयाँ) कायम गरी सोही ऐनको दफा ८ को उपदफा (४) बमोजिम कैद सजाय वा बिगोबमोजिम जरिवाना गरी उल्लेखित बिगोसमेत सोही ऐनको दफा ८ (४) बमोजिम जफत हुन मागदावी लिई अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा ३५ को उपदफा १ बमोजिम आज विशेष अदालत, काठमाडौंमा आरोपपत्र दायर गरिएको छ।

प्रवक्ता<br>
श्याम प्रसाद भण्डारी